पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Parsagadhimun2075@gmail.com
ito@parsagadhimun.gov.np
info@parsagadhimun.gov.np
९८५५०११११२

प.सं.– २०८०/०८१
च.नं.–

मिति– २०८१/०१/१६ गते
ने. सं. ११४४ चौलागाः चतुर्थी, आइतबार

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई थप पार्दर्शी वनाउनका निम्ति हाल सम्वन्धित लाभग्राहीको खातामा रकम उपलब्ध हुने गरी EFT (Electronic Funds Transfer) प्रणाली चालु आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिकबाट लागु गरिएको व्यहोरा यहाँहरुलाई अवगतनै छ। यस प्रणाली लागु भए पश्चात VERSP प्रणालिमा सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि निवेदन दर्ता गराई वडा कार्यालयवाट सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्राप्त गरी सानिमा बैङ्क (पर्सागढी शाखा), बढनिहार मा वैङ्क खाता खुलाइ उक्त खाता नं, वडा कार्यालयमा उपलब्ध गराई VERSP प्रणालिमा प्रविष्ट गराएपश्चात सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीको खातामा निकासा हुने प्रवन्ध मिलाइएको छ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४ को उपदफा ६ मा "अर्थ मन्त्रालयको स्वकृति विना अघिल्लो आ.व. मा भएको खर्च चालु आ.व. को बजेटबाट भुक्तानी गर्न पाइनेछैन" तथा सोहि कार्यविधिको दफा १८ को उपदफा (३) मा "भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्छ" भनी प्रष्ट व्यवस्था रहेको हुदा चालु आ.व.मा खाता खुलाउन छुट लाभग्राहीहरुले २०८१ जेष्ठ मसान्त सम्म अनिर्वाय रुपमा खाता खुलाइ सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराउनुहुन जानकारी गराईन्छ। माथि उल्लेखित प्रकृया बमोजिम खाता खुलाउन छुट भई सामाजिक सुरक्षा भत्ता रकम निकासा हुन नसकेमा लाभग्राही स्वयं जिम्मेवार हुने व्यहोरा यसै सूचना मार्फत सूचित गरिन्छ।

२०८१।१।१६

.......................

प्र. प्रमुख प्रशासकीय अधिकृत